# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ८१८

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

## टोखा नगरवासीहरुमा टोखा नगरपालिकाको चा.लु आ.व २०७५/७६ मा लागू गरिएको कर सम्बन्धी अत्यन्त जरुरी सूचना

(मितिः भाद्र ०१, २०७५)

हाल विभिन्न संचार माध्यम तथा सामाजिक संजालहरुमा स्थानीय सरकारहरुले जनताको ढाँड भाँचिनेगरी करका दरहरुमा वृद्धि गरीरहेको भन्ने चौतर्फी रुपमा मिडियावाजी भई रहेको छ । यस नगरपालिकालाई करमैत्री बनाई दिगो विकासलाई तिब्रता दिन विभिन्न क्षेत्रमा करको दायरा फराकिलो पारिएको जानकारी गराउन चाहन्छौं । विभिन्न शिर्षकमा यस चालु आ.व. २०७५/७६ का करहरु गत आ.व. २०७४/७५ कै दरमा राखिएको छ भने केहीमा घटाईनुको साथै सम्पति करमा संघीय सरकारको आर्थिक ऐन अनुसार नै करको दर कायम गरिएको छ । साथै, अन्य कर तथा शुल्कहरुमा गत विगत आ.व. हरु देखि नै निःशुल्क गरिएका नागरिकता सिफारिस, नावालक परिचयपत्र सिफारिस, दैवी प्रकोप पिडित, छात्रवृति सिफारिस, आर्थिक अवस्था कमजोर सिफारिस एंव घटना दर्ता ( जन्म, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद र मृत्यू ) को घटना घटेको ३५ दिन भित्र निः शुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईएको छ । त्यसैगरी, वडा नं. १ र २ लाई साविकमा झै चारकिल्ला सिफारिस, सम्पतिकर तथा घर नक्सापासमा लाग्ने शुल्कमा ४०% छुटको व्यवस्था कायमै गरिनुको साथै आर्थिक वर्षको पहिलो ३ महिना भित्र सम्पति कर तिर्ने करदाताहरुलाई १०% (दश प्रतिशत) छुट दिईने व्यवस्था समेत मिलाईएको छ । अतः आम नगरवासीहरुमा कुनै भ्रममा नपर्न र करको बारेमा अन्य केहि स्पष्ट हुनु परेमा नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा सम्पर्क गर्नु हुन समेत अनुरोध गर्दछौं ।

| सि.नं. | सेवा शिर्षक | आ.व २०७४/७५ | आ.व २०७५/७६ |
|---|---|---|---|
| १ | वहाल कर | स्वः घोषणा एंव सम्झौतानुसारको रकममा १२% | स्वः घोषणा एंव सम्झौतानुसारको रकममा ७% |
| २ | चारकिल्ला सिफारिस | ४ आना सम्मको रु १०००/- र सो भन्दा वढी प्रतिआना थप रु १००/- | ६ आना सम्मको रु १०००/- र सो भन्दा वढी प्रतिआना थप रु १००/- |
| ३ | घ वर्ग लगायत संघ संस्था नविकरण | २५०० | २००० |
| ४ | छुट जग्गा दर्ता सिफारिस | ४ आना सम्म ५०० र सो भन्दा वढी प्रति आना थप १०० | ८ आना सम्म ५०० र सो भन्दा वढी प्रति आना थप १०० |
| ५ | मालपोत / भूमिकर | प्रति आना ६.२५ | सम्पति करमा समावेश हुने जग्गा मालपोत कर मिनाहा |

कर तिरौं, टोखा नगरलाई सम्वृद्ध वनाऔं,
सभ्य नागरिकको पहिचान दिऔं ।

(प्रकाश अधिकारी)
नगर प्रमुख